आज मिति २०८० बैशाख १० गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको चौधौ (१४/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री मंगल बहादुर शाही | |

Scanned with CamScanner

## चौधौ कार्यपालिका बैठकको निर्णय
(२०८० बैशाख १० गते)

विषयसूची :-

१.बैठकको समीक्षा सम्वन्धमा ।
२.पार्क भित्र रहेको संरचना रंगरोगन तथा पर्खाल मर्मत सम्वन्धमा ।
३. विभिन्न आयोजना तथा कार्यक्रमको रकम भुक्तानी तथा विनियोजन सम्वन्धमा ।
४. प्रहरी पोष्ट थप र प्रहरी चौकीको स्तरोन्नती सम्बन्धमा ।
५. ठेक्का प्रक्रियाबाट बचत हुन आएको रकम सम्बन्धमा ।
६. आयोजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
७.संघीय सरकार तथा प्रदेश सरकार समक्ष माग गर्ने योजना तथा कार्यक्रम सम्वन्धमा ।
८.टीकापुर नगरपालिका र कारितास नेपाल संगको साझेदारी कार्यक्रम सम्वन्धमा ।
९.आवास घर निर्माण आयोजनाको ताकेता सम्बन्धमा ।
१०. टीकापुर स्पोर्टर्स एकाडेमीको भवन निर्माण सम्वन्धमा ।
११. योजनाको भूक्तानी सम्बन्धमा ।

निर्णय :-

निर्णय नं. १ : यस अघी गरिएका कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्था सम्वन्धी समीक्षा गरियो साथै निम्न लिखित निर्णयको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क) यस नगरपालिकाको मिति २०७९ माघ १२ गते बसेको कार्यपालिका बैठकको निर्णय नं. २५ मा यस नगरपालिकाको संगठन ब्यवस्थापन अध्ययन/ सर्भेक्षण सम्बन्धी कार्य अगाडि बढाउने निर्णय गरिएकोमा यस अघी गरिएको आर्थिक वर्ष २०७६/०७७ मा गरिएको अध्ययन/सर्भेक्षण प्रतिवेदन अध्ययन गरी आगामी कार्यपालिका बैठकमा राय पेश गर्ने प्रयोजनका लागि तपसिल बमोजिम कार्यदल गठन गरी जिम्मेवारी दिने ।

तपसिल :

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | ८ नं. वडा अध्यक्ष, श्री दीर्घ बहादुर ठकुल्ला | संयोजक | |
| २ | कार्यपालिका सदस्य श्री राम बहादुर नगार्जी | सदस्य | |

१४ औं कार्यपालिका बैठकका निर्णय

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | कार्यपालिका सदस्य श्री मन्जु वि.क | सदस्य | |

ख) यस नगरपालिका क्षेत्रमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको अनुसूची ३ र अनुसूची ४ बमोजिमको लगत प्रविष्ठी सम्बन्धी कार्य अगाडि बढाउने ।

**निर्णय नं. २ :** वडा न ५ स्थित टीकापुर बृहत उद्यान (बंगला पार्क) भित्र रहेका संरचना रंगरोगनका साथै संरचना मर्मतका लागि चालु आ.व. ०७९/०८० मा भैपरी आउने आकस्मिक पूंजीगत तथा कार्यक्रम खर्च शिर्षकबाट रु.१०,००,०००। (दश लाख) विनियोजन गर्ने ।

**निर्णय नं. ३ :** क) यस नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत र आवश्यकताका आधारमा कार्यपालिकाको कार्यालयको निर्णय अनुसार सम्पादन गरिएका तर भुक्तानी नभई दायित्व सिर्जना हुन गएका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको देहाय बमोजिम शिर्षकबाट खर्च उल्लेख गर्ने गरी भूक्तानी दिने ।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | रकम | सम्बन्धित शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. २ स्थित हरीदर्शन मन्दिरमा शिवको मूर्ति स्थापना | वडा नं. २, टी.न.पा | १,६०,०००। | भैपरी आउने आकस्मिक पूंजीगत तथा कार्यक्रम खर्च | कार्यपालिकाको मिति २०७८/०६/२५ र २०७८/१२/०६ को निर्णयमा विनियोजित गरिएको भुक्तानी नभएको |
| २ | वडा नं. ६ स्थित प्रसेनी जन जागृति ग्रामिण विद्युत सहकारी संस्था लिमिटेड भगवानपुरको कार्यालय भवन निर्माण | वडा नं. ६, टी.न.पा | ३,४०,००० | भैपरी आउने र आकस्मिक चालु तथा कार्यक्रम खर्च | कार्यालयको २०७९/०३/०३ र २५ गतेको निर्णय |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

१८औं कार्यपालिका बैठकको निर्णय

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | खडक चोक मर्मत | वडा नं.१, टी.न.पा | १,००,००० | मर्मत सम्भार कोष शिर्षक | |
| ४ | कालाकुण्डा प्रहरी चौकीको भान्साघरको छाना मर्मत तथा शौचालय मर्मत | वडा नं. ७, टी.न.पा | १,००,००० | प्रकोप तथा विपद् व्यवस्थापन | |
| ५ | वडा नं. १ को कर्मचारी कार्यकक्ष निर्माण | वडा नं. १ | ५०,००० | भैपरी आउने र आकस्मिक चालु तथा कार्यक्रम खर्च | |
| ६ | ब्यारेक मर्मत (जस्ता पाता) (सशस्त्र प्रहरी बल नेपाल राजश्व भन्सार तथा औद्योगिक तालिम केन्द्र) | टी.न.पा | ५०,००० | ,, ,, | मिति २०७९ मंसिर १५ गतेको निर्णय नं. १५ |
| ७ | पार्कमा नव वर्षमा थप जनशक्ति परिचालन व्यवस्थापन खर्च | टी.न.पा, वडा नं. ५ | १,००,०००। | ,, ,, | कार्यपालिका कार्यालयको निर्णय बमोजिम थप जनशक्ति परिचालन गरिएको |
| ८ | ११३ औ अन्तर्राष्ट्रिय महिला दिवस | टी.न.पा | ३०,२३० । | ,, ,, | |

ख) विभिन्न संघसंस्थाबाट कार्यक्रम संचालनका लागि बजेट माग/अनुरोध भई आएका र नगरपालिकाले तत्काल गर्नुपर्ने आवश्यकता महशुष गरिएका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रममा देहाय बमोजिम रकम विनियोजन गर्ने ।

२८ औं कार्यपालिका बैठक निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| क्र. सं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | रकम | सम्बन्धित शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | टेक बहादुर स्मृति प्रतिष्ठानको पर्खाल मर्मत | टी.न.पा वडा नं. १ | १,००,०००। | भैपरी आउने आकस्मिक पूंजीगत तथा कार्यक्रम खर्च | |
| २ | टीकापुर साहित्य महोत्सव | साहित्य समाज, टीकापुर | ५,००,०००। | भैपरी आउने र आकस्मिक चालु तथा कार्यक्रम खर्च | |
| ३ | राष्ट्रिय खेलकुदमा सहभागी खेलाडीहरुको यातायात लगायत व्यवस्थापकीय खर्च | टी.न.पा.वडा नं. ८, | २०,०००। | वडा नं. ८ को खेलकुद प्रतियोगिता आयोजना तथा सामाग्री खरिद | चालु आ.व. ०७९/०८० का लागि वडागत बजेट अन्तर्गत |
| ४ | वडा नं. २ विजय नगर देखि वडा नं.१ को शिव नगर सम्मको नाला निकास कार्य | वडा नं.१ र २ | १०,००,०००। | प्रकोप तथा विपद् व्यवस्थापन कोष | उक्त क्षेत्रमा नाला नहुँदा वर्षेनी डुवानको समस्या भोग्न परेको |
| ५ | वडा नं.७ स्थित पथरैया र मोहना नदीमा तटबन्धन मर्मत कार्य | वडा नं.७ | ८,००,०००। | प्रकोप तथा विपद् व्यवस्थापन कोष | |
| ६ | बाढीको बेलामा प्रयोग गरिएको ब्याक हो लोडरको रकम भुक्तानी | वडा नं. १ र ९ को | ७६,०००। | प्रकोप तथा विपद् व्यवस्थापन कोष | |

२४ औं कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | विद्युतको पोल स्थानान्तरण | टी.न.पा. वडा नं. १ देखि ९ | ५,००,०००। | भैपरी आउने आकस्मिक पूंजीगत तथा कार्यक्रम खच | कालो पत्रे सडक निर्माण योजना कार्यान्वयनमा सार्नुपर्ने देखिएका पोलहरु ( प्राविधिक लागत ईष्टिमेट बमोजिम) |

**निर्णय नं. ४ :-** यस टीकापुर नगरपालिकाको वडा नं. ८ भारतीय सीमा क्षेत्र सँग जोडिएको वडा भएको र यस क्षेत्रमा लागु औषध दुर्व्यसन सम्बन्धी समस्या बढ्दै गएको सन्दर्भमा शान्ति सुरक्षालाई थप प्रभावकारी बनाउन वडा नं.८ स्थित वडा कार्यालय नजिक रहेको कमल गाउँमा प्रहरी पोष्ट थपका लागि र वडा नं.७ स्थित प्रहरी चौकी सत्तीको स्तर उन्नतीका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ५ :-क)** कर्णाली मा.वि.टीकापुर कैलालीको प.स.०७९/०८०, च.नं.१५५, मिति २०७९/०९/०७ गतेको भौतिक पूर्वाधार निर्माण कार्यक्रम अगाडि बढाईदिने सम्बन्धमा निवेदन पेश हुन आएको सन्दर्भमा चालु आ.व. ०७९/०८० मा कर्णाली 'माध्यामिक विद्यालय, टीकापुर कैलालीलाई संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत केन्द्रबाट छनौट भएका नमूना विद्यालय विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ को स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान शिर्षकमा विनियोजित बजेट कार्यान्वयनका सम्बन्धमा ठेक्का भई बाँकी रहेको रु.१,९९,६६८।८२ (एक लाख उनान्सय हजार छ सय अठसट्ठी रुपैया, पैशा अठार मात्र) रकमबाट विद्यालयको चारकोठे भवनको पहिलो तलाको अधुरो निर्माण कार्य अगाडि बढाउने ।

१८ औं नगरपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

ख)चालु आ.व.०७९/०८० को १ नं. वडा कार्यालयलाई विनियोजित वडा स्तरिय बजेट को शिर्षक नं. ३११५१ क्र.सं. ३४९, ३५० र ३५१ को ठेक्काबाट बचत हुन आएको रकम रु. १२२१०००।– बाट आगामी नगरसभाबाट अनुमोदन हुने गरी तत्काल आवश्यक देखिएका तपशिल बमोजिमको आयोजना छनोट गरी कार्यान्वयन गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. १ ब्लक नं. १२ खक्रौला रोड देखी आरामिल सम्म जोड्ने सडक माटो पटानी तथा ग्रावेल | ६,२१,०००।– | वर्षाको समयमा आवत जावतलाई सहज बनाउन |
| | वडा नं. १ ब्लक नं. १३ आनन्द ट्रेडर्स को गल्ली माटो पटानी तथा ग्रावेल | | |
| | वडा नं. १ नयाँ टीकापुर बम बहादुर कठायतको घर सम्म जोड्ने सडक माटो पटानी तथा ग्रावेल | | |
| | दुर्गानगर कहर सिंह भण्डारीको घर र राजेन्द्र रावतको घर सम्म माटो पटानी तथा ग्रावेल | | |
| २. | ११ औ नगर अधिवेशनबाट स्वीकृत अनुसचीमा भएका सडकहरु | ६,००,०००।– | |
| | जम्मा | १२,२१०००।– | |

ग) यस नगरपालिका वडा नं. ५ कर्मीडाँडामा समुदायमा सुरक्षित अन्न भण्डारण निर्माण योजनाको ठेक्का नं. TMO/NCB/37/BUILD/2079/080 को ठेक्का प्रक्रियाबाट बचत हुन आएको रकम रु. ७,०७,६७८।७६ (सात लाख, सात हजार छ सय अठहत्तर रुपैया पैशा छेहत्तर मात्र)बाट सोही आयोजना स्थलमा शौचालय निर्माण गर्ने ।

**निर्णय नं. ६ :** चालु आ.व.०७९/०८० का लागि स्वीकृत तपसिल बमोजिमका योजना तथा कार्यक्रम संशोधन गर्नुपर्ने देखिएकोले आगामी नगरसभा बैठकबाट अनुमोदन हुने गरी संशोधन गर्ने ।

तपसिल :

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| क्र. सं. | स्वीकृत आयोजना तथा कार्यक्रम | चालु/पूंजीगत | विनियोजित बजेट | शंशोधन पश्चात कायम हुने आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | शंशोधन गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गाउंघर खोप क्लिनिक भवन निर्माण, वडा नं. २ | पूंजीगत | ३,५०,०००। | डबल सिंह उखेडाको घर देखि कालु सिंह खड्काको घर सम्म र अशोक वि.क.को घर देखि पसले दमाईको घर सम्म बाटोमा माटो पटानी तथा ग्राभेल आयोजना | ३,५०,०००। | गाउँघर खोप क्लिनिक भवन निर्माणका लागि जग्गा उपलब्ध नभएको | वडा समितिको मिति २०७९/१२/१४ को निर्णय |

निर्णय नं. ७ : टीकापुर नगरपालिकाको समग्र विकासका लागि महत्वपूर्ण रही नगरपालिकाको प्राथमिकतामा परेका तर नगरपालिकाको स्रोतले मात्र कार्यान्वयन गर्न असम्भव देखिएका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रममा आवश्यक रकम विनियोजनका लागि संघीय सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

तपसिल :

**आगामी आ.व ०८०/०८१ का लागि संघीय सरकार /प्रदेश सरकार समक्ष माग गर्नुपर्ने योजना/ कार्यक्रम सम्बन्धी विवरण :**

| सि.नं | योजनाको नाम | योजना स्थल | सम्बन्धित निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | टीकापुर बृहत उद्यान (बंगला पार्क) को पूर्वाधार निर्माण तथा स्तरोन्नती | वडा नं. ५, टी.न.पा | संघ/प्रदेश | |
| २ | विमानस्थल निर्माण तथा स्तरोन्नती | टी.न.पा. | संघ/प्रदेश | |

नगर कार्यपालिकाको कार्यालय
टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. ८ :- टीकापुर नगरपालिका र कारितास नेपाल सँगको साझेदारिमा कम लागतमा बाढी प्रतिरोधक सुरक्षित आवास निर्माण कार्यक्रम कार्यक्रम अर्न्तगत तपसिलका वडामा देहाय अनुसारको संख्यामा भवन निर्माण गर्ने ।

तपसिलः

| क्र.स. | वडा नं. | घर संख्या | कैफियत |
|---|---|---|---|
| १ | टीकापुर नगरपालिका वडा नं. २ | ५ घर | |
| २ | टीकापुर नगरपालिका वडा नं. ३ | ५ घर | |
| ३ | टीकापुर नगरपालिका वडा नं. ४ | ५ घर | |
| ४ | टीकापुर नगरपालिका वडा नं. ५ | ५ घर | |
| ५ | टीकापुर नगरपालिका वडा नं. ७ | २० घर | |
| ६ | टीकापुर नगरपालिका वडा नं. ८ | ५ घर | |
| ७ | टीकापुर नगरपालिका वडा नं. ९ | ५ घर | |
| | जम्मा | ५० घर | |

निर्णय नं. ९ :- चालु आ.व.०७९/०८० का लागि स्वीकृत आवास कार्यक्रम (आवास घर निर्माण आयोजना) अर्न्तगत ठेक्का नं.TMO/NCB/30/BUILD/2079/080 पशुपति कन्स्ट्रक्सन , धनगढी कैलाली सँग सम्झौता भई कार्य अगाडि बढाईएकोमा कार्य प्रगती सन्तोषजनक नदेखिएकोमा सो का प्रोपराईटर श्री जंग बहादुर साउँदलाई समयमानै कार्य सम्पन्न गर्न ताकेता गर्ने ।

निर्णय नं.१० : चालु आ.व.०७९/०८० का लागि सुदूर पश्चिम प्रेदश, सामाजिक विकास मन्त्रालयबाट टीकापुर स्पोर्टर्स एकडेमीको भवन निर्माणको लागि बजेट विनियोजन भएको र सो निर्माण सम्बन्धमा राष्ट्रिय खेलकुद परिसदबाट प्राप्त डि.पी. आर.स्वीकृत गरियो र सो टीकापुर स्पोटर्स एकाडेमीको भवन निर्माणका लागि टीकापुर ५, स्थित टीकापुर नगर खेलकुद विकास समितिको नाममा रहेको (खड्क स्मृति रंगशाला) स्थलमा डि.पी. आर. बमोजिमको भवन निर्माण कार्य अगाडि बढाउन सामाजिक विकास मन्त्रालय, सुदूर पश्चिम प्रदेशलाई अनुरोध गर्ने ।

१८ औं कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

निर्णय नं ११.:- चालु आ.व. ०७९/०८० का लागि स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका योजना तथा कार्यक्रमको हाल प्राविधिक मूल्याकंन विल बमोजिम यस नगरपालिकाको एघारौ नगरसभाबाट हलुका सवारी साधन शिर्षकमा विनियोजित रकम बाट पछि सोध भर्ना हुने उपलब्ध गराउने ।

तपसिल :

| योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|
| कैलाली जिल्ला टीकापुर नगरपालिका वडा नं. १, ब्लक नं. २१ पार्क रोड सूर्य बहादुर रावलको घर देखि सीता राम गिरीको घर सम्मको मूलबाटो जोड्ने सडक स्तरोन्नती | टी.न.पा, वडा नं. १, ब्लक नं. २१ | |
| कैलाली जिल्ला टीकापुर-१, नवचेतना टोल मिश्रा चिउरा मिल हुँदै उत्तर तर्फ जाने सडक स्तरोन्नती | टी.न.पा, वडा नं. १, ब्लक नं. ८ | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१४ औं कार्यपालिका बैठकका निर्णय

Scanned with CamScanner